# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ७ संख्या :४

**पारित भएको मितिः २०८२/०८/२८**

**प्रकाशन मितिः २०८२/०९/०३**

# भीमोदय माध्यमिक विद्यालय स्कुल बस सञ्चालन कार्यविधि २०८२

## आरुघाट गाउँपालिका, गोरखा

# भीमोदय माध्यमिक विद्यालय स्कुल बस सञ्चालन कार्यविधि २०८२

## प्रस्तावना

विद्यालयको शैक्षिक, भौतिक तथा समग्र पक्षको सुधार र सबलीकरण गरी जिल्लाकै सुविधासम्पन्न र नमुना विद्यालयको रुपमा स्थापित गराई यस क्षेत्रका विद्यार्थीहरूलाई सर्वसुलभ रुपमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि यातायात सुविधा दिने उदेश्यका साथ स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम आरुघाट गाउँ कार्यपालिकाले भीमोदय माध्यमिक विद्यालय स्कुल बस संचालन कार्यविधि २०८२ पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **भीमोदय माध्यमिक विद्यालय स्कुल बस सञ्चालन कार्यविधि २०८२** रहने छ ।

ख) यस कार्यविधि विद्यालयको शैक्षिक, भौतिक तथा समग्र पक्षको सवलीकरणको लागि लागू हुने छ ।

ग) यस कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात् तुरुन्त प्रारम्भ हुने छ ।

## परिच्छेद २

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ लाई सम्झनु पर्दछ ।

ख) **स्थानीय शिक्षा ऐन** भन्नाले गाउँपालिकाबाट जारी गरेको स्थानीय शिक्षा ऐन २०७६ लाई सम्झनु पर्दछ ।

ग) **कार्यविधि** भन्नाले भीमोदय माध्यमिक विद्यालयको स्कुल बस सञ्चालन कार्यविधि २०८२ लाईसम्झनु पर्दछ ।

घ) **विद्यालय** भन्नाले भीमोदय माध्यमिक विद्यालय आरुघाट गाउँपालिका वडा नं.९, आरुघाट, गोरखामा अवस्थित विद्यालयलाई सम्झनु पर्दछ ।

ङ) **शिक्षक/कर्मचारी** भन्नाले श्री भीमोदय माध्यमिक विद्यालय आरुघाट गाउँपालिका वडा नं. ९, आरुघाट, गोरखामा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई सम्झनु पर्दछ ।

च) **विद्यालय व्यवस्थापन समिति** भन्नाले भीमोदय माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

छ) **शि.अ.संघ** भन्नाले भीमोदय माध्यमिक विद्यालयको अभिभावक भेलाबाट छनौट भई आएको शिक्षक अभिभावक संघलाई सम्झनु पर्दछ ।

ज) **अभिभावक** भन्नाले विद्यालयको बाल कक्षादेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुको बुवा,आमा, हजुरबुवा वा हजुरआमा साथै विद्यार्थीको लालन पालनमा सरंक्षकको भूमिकामा रहेको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) **विद्यार्थी** भन्नाले यस विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूलाई सम्झनु पर्दछ ।

ञ) **विद्यालय कोष** भन्नाले विद्यालयलाई सशर्त र निशर्त रूपमा प्राप्त भएका नेपाल सरकारको अनुदान, (स्थानीय तह, प्रदेश र संघ), अन्य संघ संस्था, शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त भएको आर्थिक सहयोग, विद्यालयको बगैंचाबाट प्राप्त आम्दानी, बहालबाट प्राप्त आय, शिक्षा क्षेत्रको आम्दानी तथा अन्य आम्दानी, चन्दा तथा सहयोगबाट प्राप्त भएको रकमलाई सम्झनु पर्दछ ।

ट) **प्र.अ.** भन्नाले भीमोदय माध्यमिक विद्यालयको प्र.अ.लाई सम्झनु पर्दछ ।

ठ) **बाल क्लव** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट छनौट भई आएका विद्यार्थीहरूको समूहलाई सम्झनु पर्दछ ।

ड) **गाउँपालिका** भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्ने छ ।

## परिच्छेद ३

**३. स्कुल बस सञ्चालनको उद्देश्य :**

विद्यालयको आवश्यकता, स्रोत र साधनको उपलब्धता तथा शिक्षा ऐनले दिएको क्षेत्राधिकारभित्र रही स्कुल बस सञ्चालनका देहायबमोजिमका उद्देश्यहरु हुने छन् :

क) विद्यालय सेवा क्षेत्रभित्रका विद्यालय जाने उमेर पुगेका बालबालिकाहरूलाई विद्यालयमा अध्ययन गर्ने वातावरण तय गर्न ।

ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आवतजावतमा सहजता ल्याउन ।

ग) विद्यालयको महत्वपूर्ण कार्य तथा शैक्षिक भ्रमण जस्ता गतिविधिहरूमा स्कूल बसको प्रभावकारी उपयोग गर्न ।

घ) विद्यार्थी सङ्ख्या वृद्धि गर्न ।

## परिच्छेद ४

**४. स्कुल बसको व्यवस्थापन र सञ्चालन :**

क) आरुघाट गाउँपालिकाको समन्वयमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यालयको हितमा हुने गरी स्कुल वसको गतिविधि सञ्चालन हुने छ ।

ख) स्थानीय तह, प्रदेश र संघीय सरकारको नीति निर्देशन अनुरुप स्कुल बसको सञ्चालन विद्यालयबाट हुने छ ।

ग) स्कुल बस सञ्चालन गर्नका लागि एक बस चालकको व्यवस्थापन गरिने छ ।

घ) बस चालकको सेवा सुविधा तपसिलअनुसार व्यवस्थापन गरिने छ :

अ) मासिक तलब आरुघाट गाउँपालिकाबाट प्राप्त भएको अनुदानबाट भुक्तान गरिने छ ।

आ) बस चालकको मासिक तलबका अतिरिक्त चाडपर्व खर्च उपलब्ध गरिने छ । साथै समयअनुसार सेवा सुविधा समायोजन गर्न सकिने छ ।

इ) बस चालक बस चलाउनका लागि योग्य, सवारी साधन सञ्चालन गर्न प्रचलित नियमअनुसार इजाजत प्राप्त र ५० बर्ष नकटेको व्यक्ति छनौट गरिनेछ ।

## परिच्छेद ५

**५. आर्थिक स्रोत व्यवस्थापन र परिचालन :**

विद्यालयको स्वामित्वमा रहेको स्कुल बसको सञ्चालनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालन तपसिल बमोजिम हुने छ :

क) आरुघाट गाउँपालिकाबाट प्राप्त अनुदानबाट बस चालक नियुक्त गरि भुक्तानी गरिने छ ।

ख) सामान्य मर्मत सम्भार विद्यालयको आन्तरिक कोषबाट गरिनेछ साथै रु. २५००० पच्चीस हजार भन्दा बढीको मर्मत सम्भारका लागि आरुघाट गाउँपालिकालाई आर्थिक सहयोगका लागि अनुरोध गरिने छ ।

ग) स्कुल बस सञ्चालनका लागि आवश्यक पर्ने इन्धन बस प्रयोग गर्ने विद्यार्थीहरूबाट न्यूनतम शुल्क उठाई भुक्तानी गरिने छ ।

घ) स्कुल बसको वार्षिक नविकरण, पूर्ण बिमा तथा तेस्रो पक्ष बिमा गरिने छ ।

## परिच्छेद ६

**६. बस चालकको काम, कर्तव्य र अधिकार :**

क) यस कार्यविधि अनुरुप नियुक्ति भई आएका बस चालकले विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक पक्षको विकासका लागि हुन लागेका कार्यकलापहरुमा कर्तव्यनिष्ठ भई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था गरिने छ ।

ख) विद्यालयले तोकेको रुटहरुमा नियमित रुपमा विद्यार्थी ओसार प्रसारमा संलग्न हुनु पर्ने छ ।

ग) नियमित विद्यालयमा उपस्थित हुन पर्ने छ ।

घ) बस सञ्चालनका अतिरिक्त विद्यालयको समयमा आवश्यकता अनुसार कार्यसम्पादन गर्नु पर्ने छ ।

ङ) बस चालकको सेवा सुविधा यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ । साथै विद्यालय व्यवस्थापन समितिले अवस्था हेरी थप सुविधा प्रदान गर्न सक्ने छ ।

च) बस चालकले आकस्मिक रुपमा विदा लिनुपरेमा अर्को चालकको व्यवस्थापन गरेर मात्र विदाको उपभोग गर्न सक्ने छ ।

छ) बस सह-चालकको व्यवस्था आवश्यकताअनुसार विद्यालयले गर्ने छ ।

## परिच्छेद ७

**७. बस चालकको विदासम्बन्धी व्यवस्था :**

क) विद्यालयमा विद्यार्थी ओसार प्रसार गर्ने दिन बाहेक विद्यालय सञ्चालन भएका अन्य दिनहरूमा बढीमा वार्षिक १२ दिन आकस्मिक र भैपरि आउने विदा लिन सक्ने छ ।

ख) चालक स्वयं किरिया बस्नु पर्ने अवस्था आएमा किरिया विदा दिइने छ ।

## परिच्छेद ८

**८. संशोधन र खारेजी**

आरुघाट गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्ने छ । साथै कार्यविधि प्रचलित कानुनसँग बाझिएको हदसम्म अमान्य हुने छ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत